बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि विकास कार्यालय, धादिङ

(कार्यालय प्रमुखको छाप)

प. सं. : ०८३/८४
च. नं. :

धादिडबेसी, धादिङ, नेपाल।

सूचना नं. ०४/०८३/८४
मितिः २०८३/०८/०१

माटो दिवस कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना ।

कृषि विकास कार्यालय धादिङ, माटो तथा मल परिक्षण प्रयोगशाला, हेटौंडा र गजुरी गाउँपालिका, धादिङको संयुक्त आयोजनामा अन्तराष्ट्रिय माटो दिवस, २०८३ को अवसरमा तपसिल मिति, स्थान र समयमा माटोको स्वास्थ्य लगायत विषयमा छलफल तथा अन्तरक्रिया गरी माटो दिवस मनाउने कार्यक्रम रहेको व्यहोरा जानकारी गराइन्छ । सो सम्बन्धमा माटो परिक्षण समेत गरी सो को नतिजा अनुसार कृषि चुन समेत वितरण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषकहरुले विधिपूर्वक खाली रहेको जमिनबाट माटोको नमुना संकलन गरी मिति २०८३ मंसिर १२ गते भित्र कृषि विकास कार्यालय, धादिङ वा गजुरी गाउँपालिकाको कार्यालयमा कार्यरत कृषि प्राविधिकसँग सम्पर्क गरी नमुना जम्मा गराउनुहुन र माटो दिवसमा समेत उपस्थित हुनको लागि सबै सरोकारवाला कृषकहरुमा अनुरोध गरिन्छ ।

थप जानकारी तथा सम्पर्कको

- श्री जयराम अधिकारी, सूचना अधिकारी, कृषि विकास कार्यालय धादिङ ।
  सम्पर्क नं. ९७६७२४०३४४ ।
- श्री अशोक श्रेष्ठ, सहायक कृषि अर्थविज्ञ, कृषि शाखा, गजुरी गाउँपालिका, गजुरी, धादिङ ।
  सम्पर्क नं. ९८४९१५२०५२ ।


तपसिलः
मितिः २०८३।८।१९
स्थानः गजुरी गाउँपालिका, गजुरी, धादिङ ।
समयः विहान १०:०० बजे ।

विद्या निधी लोहनी
नि. प्रमुख
निमित्त प्रमुख


माटोको नमूना संकलन गर्ने तरिका

अन्न तथा तरकारी बालीका लागि

एकै प्रकारको माटो (जस्तै रंग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने



एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट नमूना लिनु पर्दछ ।




प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने




सबै खाल्डोबाट सङ्कलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिलाउने



यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने




बाँकी रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पुनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने । यो क्रम माटोको नमूना करिब १/२ के.जि नभएसम्म दोहोऱ्याउने । आधा के.जि. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने




फलफूल बालीको लागि

फरक किमिसका माटो (जस्तै रंग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टाछुट्टै नमूना तयार पार्ने




छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तीमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २ र ३ फिट गहिराईमा चिनो लगाउने



चिनो लगाएको भित्ताबट छुट्टाछुट्टै भाँडमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना सङ्कलन गर्ने



यसरी छुट्टाछुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकी राख्ने र यो क्रम माटो १/२ के.जि. नभएसम्म दोहोऱ्याउने ।



यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेत/बारीको विवरण जमिनको गहिराई खुलाई नजिकको माटो परीक्षण प्रयोगशालामा लैजाने

माटोको नमूना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्छ

नाम: _____

ठेगाना : _____

लगाउने बाली : _____

मिति : _____

जमिनको गहिराई : _____

माठो तथा मल परीक्षण प्रयोगशाला

बागमती प्रदेश, मकवानपुर, हेटौंडा